गुर्भाकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शुभाघाट, सुर्खेत,

कर्णाली प्रदेश, नेपाल

☎९८५८०६५१११

प.सं. : २०८०/०८१

च. नं. :

राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धी

## सिलवन्दी दरभाउपत्र आव्हान गरिएको सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०८०/०४/०९

यस नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को असार मसान्तसम्म र सो पश्चात कार्यपालिकाको निर्णयानुसार एक वर्षको म्याद थप हुने गरी नेपाल सरकारबाट मान्यता प्राप्त टेण्डर सूचना प्रकाशन गर्न मिल्ने राष्ट्रिय दैनिक पत्रिकामा प्रतिष्पर्धा मार्फत सबैभन्दा छुट कबोल गर्ने फर्म/विज्ञापन एजेन्सीबाट सूचना प्रकाशन गर्न मिल्ने भएकोले सो सम्बन्धी कार्य गर्ने ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सी वा फर्महरुबाट तपसिलको शर्तहरु भित्र रही सिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु

१. सिलबन्दी दरभाउपत्रका साथ राष्ट्रिय वाणिज्य बैक मेहेलकुना शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं ४४८०१००३०१०१००२ मा फिर्ता नहुने गरी रु १००० (एक हजार) दाखिला गरेको सक्कल बैक भौचर सहित क्रमश नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्मदर्ता नविकरणको प्रतिलिपी, स्थायी लेखा नम्बर (प्यान/भ्याट) प्रमाणपत्रको प्रतिलिपि र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

२.सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा बुझाउनुपर्ने भएकोले रितपूर्वक दाखिला भएका दरभाउहरु १६ औ दिनमा दिनको १२ बजे यस कार्यालयमा दरभाउदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ ।निजको प्रतिनिधिको अनुपस्थितिमा समेत सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र पेश गर्दा BOQ मा सहि छाप गरी रकम अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नुपर्ने छ ।यसरी उल्लेख गरिएको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईने छ साथै सिलबन्दी दरभाउपत्रमा लाहा छाप लगाई पेश गर्नुपर्ने हुन्छ ।

४. BOQ को न्यूनतम एक आइटम भर्नुपर्नेछ र नभरेको आइटममा खाली नराखी नभरेको भनी लेख्नुपर्ने छ ।

५. सिलबन्दी दरभाउपत्र साथ बिडवण्ड वापत रु ६०००० (साठि हजार) मात्र यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक मेहेलकुना शाखामा रहेको धरौटी खाता नं ४४८००३०३००००००२ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी गरेको सक्कल बिडबण्ड पेश गर्नुपर्दछ र मान्य अवधी ७५ दिनको हुनु पर्नेछ ।

६. कारण जनाई वा नजनाई ठेक्का रद्द गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ ।

७. यस सूचनामा उल्लेख नभएका अन्य विषयमा प्रचलित ऐन, नियम तथा कानून बमोजिम हुनेछ ।

८.अन्य जानकारीको लागि यस नगरपालिकामा सम्पर्क गर्न सक्नुहुनेछ ।

## BILL OF QUANTITIES (BOQ)

| सि नं | पत्रपत्रिकाको नाम | प्रति सिसि मुल्य | छुट | |
|---|---|---|---|---|
| | | | प्रति सिसि प्रतिशत अंकमा | प्रतिशत अक्षरमा |
| १ | गोरखापत्र राष्ट्रिय दैनिक | | | |
| २ | कान्तिपुर राष्ट्रिय दैनिक | | | |
| ३ | नागरिक राष्ट्रिय दैनिक | | | |
| ४ | अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक | | | |
| ५ | राजधानी राष्ट्रिय दैनिक | | | |
| ६ | नँया पत्रिका दैनिक पत्रिका | | | |
| ७ | सुर्खेत जिल्लामा दैनिक प्रास हुने एवं जिल्लामा व्यूरो कार्यालय वा सम्पर्क कार्यालय भएका सार्वजनिक खरिद ऐन एवं नियमावली बमोजिम बोलपत्रको सूचना प्रकाशन गर्न मिल्ने राष्ट्रिय दैनिक पत्रिका | | | |
| | क | | | |
| | ख | | | |
| | ग | | | |
| | | | | |

नोटःकुनै दुई वटा पत्रिका वा फर्मले बराबर छुट कबोल गरेको खण्डमा सो फर्मको अघिल्लो आर्थिक वर्षको कारोबार ( कर चुक्ता प्रमाणपत्रको आधारमा) हेरी सबैभन्दा बढी कारोबार गरेको फर्म स्वीकृत गरिनेछ ।

पेश गर्ने निकायः

आधिकारीक छाप दस्तखत र मितिः

सम्पर्क नम्वरः